भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खाबाङवगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

## कृषि एम्बुलेन्स आपूर्ति सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

*प्रथम पटक प्रकाशित मितिः २०७८।०१।१३*

*पुनः प्रकाशित मितिः २०७८।०३।१७*

भूमे गाउँपालिका अन्तर्गतका कृषि उपज संकलन तथा बजारीकरण द्रुत सेवाका लागि कृषि एम्बुलेन्स सञ्चालन गर्न एक थान चारपाङ्ग्रे सवारी साधन खरिद तथा ढुवानी गर्नुपर्ने भएकोले नियमानुसार इजाजत प्राप्त इच्छुक फर्म/कम्पनी/सप्लायर्सहरुबाट निम्न शर्तहरुको अधीनमा रही सिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिएको छ।

१. सिलबन्दी बोलपत्र दाखिला गर्दा फर्म सञ्चालकको नेपाली ना.प्र.प., मू.अ.क. दर्ता प्रमाणपत्र, आ.व. २०७६/०७७ सम्मको करचुक्ता प्रमाणपत्र, नवीकरण इजाजत पत्र र आय कर दर्ता प्रमाणपत्रको १/१ प्रति **नोटरी प्रमाणित** प्रतिलिपी, कारोबार गर्न अयोग्य नभएको र कालो सूचीमा नपरेको स्वघोषणा अनिवार्य पेश गर्नुपर्नेछ ।

२. बोलपत्र फाराम बापत नगदै रु. ३,०००/- (फिर्ता नहुने गरी) तिरी कार्यालयबाट मिति २०७८।०२।३१ गते कार्यालय समयभित्र खरिद गरी २०७८।०३।०१ गते दिनको १२:०० बजेभित्र कार्यालयमा दर्ता गरिसक्नुपर्ने छ । दर्ता भएका बोलपत्रहरु सोही दिनको ३:०० बजे खोलिनेछ। रीतपूर्वक पेश नभएका, म्याद नाघी आएका वा शर्त राखिएका बोलपत्रमाथि कुनै कारवाही हुने छैन। बोलपत्रदाता प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. बोलपत्रको मान्य अवधि बोलपत्र खोलेको मितिदेखि १२० दिनको हुनेछ । बोलपत्रसाथ तोकिएको रकम बराबरको **क** वर्गको वाणिज्य बैंकबाट जारी भएको कम्तीमा ९० दिन म्याद भएको बोलपत्र जमानत (Bid Security) पेश गर्नुपर्नेछ वा बोलपत्र जमानत नगदै सिटिजन्स बैंक इन्टरनेशनल लि. भूमे शाखा स्थित बैंक खाताः **ग ३ भूमे गा.पा. धरौटी खाता**, बैंक खाता नं. **०७८०१००००००३०२०१** पनि जम्मा गर्न सकिनेछ।

४. बोलपत्र खरिद गर्ने र पेश गर्ने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट हुनेछ । यसो भएता पनि बोलपत्र जमानत र बोलपत्रको मान्य अवधि माथि उल्लेखित नै हुनेछ । बोलपत्र स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ।

५. यस सूचनामा उल्लेख नभएको सम्बन्धमा प्रचलित नियम कानून बमोजिम हुनेछ। थप जानकारीको लागि यस कार्यालयमा वा ९८०१२३२३३३ वा ९८०६२५९०२० मा सम्पर्क राख्न सकिनेछ ।

| बोलपत्र.नं. | विवरण | अनुमानित ल.इ. रकम (भ्याट समेत) | जमानत रकम |
|---|---|---|---|
| BRMO/०७७-७८/G/१ | कृषि एम्बुलेन्सका लागि ४WD जीप खरिद | रु. २३,७३,०००।- | रु.७१,१९०/- |

प्रमुख प्रशासकीय अधिकृत